# वराहपोखरी गाउँपालिकाको कृषि तथा पशपुन्छी व्यवसाय प्रबर्धन कार्यविधि, २०८०

**प्रस्तावना**: वराहपोखरी गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सिर्जना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिईने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार बमोजिम यस वराहपोखरी गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्धन अनुदान कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि मिति २०८०।११।१० गतेबाट लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अनुदान " भन्नाले गाउँपालिकाद्वारा विभिन्न बाली तथा पशपुन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि कृषक, कृषक समुह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनुपर्दछ ।

(ख) "अनुदानग्राही" भन्नाले गाउँपालिकाले उपलब्ध गराईने अनुदान प्राप्त गर्ने कृषक, कृषक समुह, सहकारी, उद्यमीलाई सम्झनु पर्दछ ।

(ग) "कृषि व्यवसाय" भन्नाले विभिन्न खाद्यान्न, तरकारी, फलफूल, औद्यौगिक बाली, च्याउ, मह लगायतका कृषिजन्य उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बद्ध व्यवसाय सम्झनु पर्दछ ।

(घ) "पशपुन्छी व्यवसाय" भन्नाले विभिन्न पशपुन्छी तथा मत्स्य जन्य उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बद्ध व्यवसाय सम्झनुपर्दछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको वा जारी गरिएको निर्देशिका, मापदण्ड वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(च) "परीवार" भन्नाले अनुदानग्राहीको एकाघरका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, भाइ, दिदी, बहीनी सम्झनुपर्दछ ।

तर सो शब्दले अंशवण्डा गरी वा मानो छुटिई आ-आफ्नो पेसा व्यावसाय गरी बसेको परीवारको सदस्यलाई जनाउने छैन ।

(छ) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिका सम्झनुपर्दछ ।

(ज) "गाउँपालिका प्रमुख" भन्नाले वराहपोखरी गाउँपालिका प्रमुख सम्झनुपर्दछ।

(झ) "गाउँपालिका उप-प्रमुख" भन्नाले वराहपोखरी गाउँपालिका उप-प्रमुख सम्झनुपर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(ट) "आर्थिक प्रशासन शाखा" भन्नाले वराहपोखरी गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनुपर्दछ।

(ठ) "कृषि विकास शाखा प्रमुख" भन्नाले वराहपोखरी गाउँपालिकाको कृषि सेवा शाखा प्रमुख सम्झनुपर्दछ।

(ड) "पशु सेवा शाखा प्रमुख" भन्नाले वराहपोखरी गाउँपालिकाको पशु सेवा शाखा प्रमुख सम्झनुपर्दछ।

(ढ) "शाखा" भन्नाले गाउँपालिकामा रहेको कृषि विकास र पशुसेवा शाखा सम्झनुपर्दछ।

(ण) "सम्झौता" भन्नाले शाखा र अनुदानग्राहीबीच प्रचलित कानून बमोजिम भएको शर्तनामा सहितको लिखितलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## अनुदान उपलब्ध गराउन सक्ने

**३. अनुदान सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरण लगायत निर्यात प्रबर्धनमा सहयोग गर्न वार्षिक बजेटमा रकमको व्यवस्था गरी यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई आर्थिक बर्षमा एउटा कामको लागि मात्र उपलब्ध गरिनेछ।

(३) अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आफुले प्राप्त गरेको अनुदान रकम र अनुदान प्राप्ति पश्चात आफ्नो व्यावसायको कम्तीमा तीन वर्ष निरन्तरता दिनुपर्नेछ।

**४. विशेष विषय वा क्षेत्र तोक्न सक्ने :** (१) दफा ३ बमोजिमको अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले अनुदान उपलब्ध गराउने विषय वा क्षेत्र देहायका आधारमा तोक्नेछ :

(क) गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषय वा क्षेत्रहरु,

(ख) गाउँपालिकाले विधिवत रुपमा गरेको अध्ययन अनुसन्धानले सिफारिस गरेका विषय वा क्षेत्रहरु,

(ग) स्थानीय सरकारले विभिन्न समयमा गरेका घोषणामा उल्लेखित विषयहरु।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषय सम्बद्ध कृषि तथा पशुपन्छी व्यवसायमा देहाए अनुसारका कार्यहरुका लागि अनुदान उपलव्ध गराईनेछ :

(क) उत्पादन सम्बद्ध पुर्वाधार निर्माण,

(ख) भण्डारण तथा प्रशोधन सम्बद्ध पुर्वाधार निर्माण,

(ग) उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण र मूल्य अभिबृद्धि सम्बद्ध उपकरण, मेसिनरी, ढुवानी, साधन खरीद,

(घ) तोकिएको बालि तथा पशुपंक्षी जन्य उपज उत्पादन गरेबापत प्रोत्साहन,

(ङ) तोकिएको बाली तथा पशपन्छीजन्य उपज उत्पादन गर्न अनुदान।

तर, एकै अनुदानग्राहीलाई खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको अनुदानमध्ये एक अनुदान मात्र उपलव्ध गराईने छ।

**५. अनुदान वितरण प्रकृया:** दफा (३) बमोजिम अनुदान उपलब्ध गराउँदा देहाए बमोजिमको प्रकृया अबलम्बन गर्नुपर्ने:

(क) अनुदान वितरण गर्नुपुर्व गाउँपालिकाले कम्तिमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी तोकिए बमोजिमको ढाँचामा आवेदन माग गर्ने,

(ख) गाउँपालिकाले शाखाबाट अनुदान वितरणका लागि दफा ४ मा उल्लेखित विषय अनुसार मापदण्ड निर्धारण गरी अनुदानग्राही छनौट प्रणाली विकास गर्नुपर्नेछ,

(ग) गाउँपालिकाबाट अनुदानग्राही छनौटका लागि तोकिए बमोजिम अनुदानग्राही छनौट समिति रहने छ।

**६. अनुदान सम्बन्धि मापदण्ड:** अनुदान उपलव्ध गराउन देहाएको मापदण्ड लागु गरिनेछ :

(क) अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदनका साथ स्थायी लेखा नम्बर, अनुदानग्राहीले गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको प्रस्ताव पेश गर्नुपर्ने छ।

(ख) अनुदानग्राही छनौट गर्नुपुर्व गाउँपालिकाले कम्तिमा एक जना प्राविधिक कर्मचारी र पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यलाई सम्बन्धित आवेदकको प्रस्तावको स्थलगत अनुगमनमा पठाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्राविधिक कर्मचारीले सम्बन्धित शाखाले स्थलगत अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको स्थलगत प्राविधिक प्रतिवेदन सहित गाउँपालिकाले तोकिएको छनौट समिति मार्फत दफा ५ को खण्ड (ख) बमोजिमको मापदण्ड अनुसार उपयुक्त अनुदानग्राही छनौट गर्नुपर्ने छ।

(ङ) खण्ड (घ) अनुसार छनौट भएको अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सम्झौता गरी कार्य सम्पन्न प्रगति अनुरुप अनुदान उपलब्ध गराउनु पर्नेछ।

(च) छनौट भएका अनुदानग्राहीलाई बढिमा तिन किस्तामा अनुदान उपलव्ध गराउन सकिनेछ।

(छ) एक पटक संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको दनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्ष सम्म कुनै अनुदान उपलब्ध गराईने छैन। तर, बहुबर्षीय तथा क्रमागत प्रकृतिका आयोजना तथा कार्यक्रमहरूको हकमा यो मापदण्ड लागू हुनेछैन।

(ज) अनुदानग्राहीले अनुदानको एक किस्ता भुक्तानी लिई सकेपश्चात पछिल्लो किस्ता माग गर्दा अघिल्लो किस्ताको रकमबाट गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

(झ) अनुदान सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

(ञ) गाउँपालिकाबाट उपलब्ध हुने अनुदान रकम कुल लागतको पचहत्तर प्रतिशत भन्दा बढी हुने छैन। तर गाउँ कार्यपालिकाबाट निर्णय भएमा अधिकतम सत प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**७. बीमा गर्नु पर्ने:** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको कृषि व्यवसायको बीमा गर्नुपर्ने छ।

८. संघीय सरकार वा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी गाउँपालिकाबाट संचालन हुने कार्यक्रमहरु सम्बन्धित सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै संचालन हुने छ।

**९. अनुदानग्राही छनौट समिति:** (१) गाउँपालिकाबाट संचालन हुने कृषि तथा पशुपंक्षी कार्यक्रमको अनुदानग्राही छनौट गर्न देहाय बमोजिमको सदस्य रहेको समिति रहने छ :

| | |
|---|---|
| (क) गाउँपालिका प्रमुख | – अध्यक्ष |
| (ख) गाउँपालिका उप-प्रमुख | – सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) आर्थिक विकास समितिको संयोजक | – सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | – सदस्य |
| (च) पशुसेवा शाखा प्रमुख | – सदस्य |
| (छ) कृषि विकास शाखा प्रमुख | – सदस्य सचिव |

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ व्याक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१०. जानकारी गराउनुपर्ने :** (१) दफा ६ बमोजिम सम्झौता भएपछि सम्पूर्ण अनुदानग्राहीको नाम, ठेगाना र अनुदान रकम सम्बन्धी विवरण सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी गाउँपालिकाको वेबसाईट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद -३

## जरिवाना गर्न सक्ने

**११. कार्यविधि विपरित काम गरेको मानिने :** (१) कसैले देहाएको कुनै कार्य गरेमा यस कार्यविधि विपरित काम गरेको मानिने छ :

(क) सम्झौता बमोजिमको काम नगरेमा वा तोकिए भन्दा अन्य कार्य गरेमा,

(ख) सम्झौता बमोजिमको परिमाणभन्दा कम वा कम गुणस्तरको काम गरेमा,

(ग) अन्य, व्यक्ति, फर्म कम्पनिले गरेको कामलाई आफुले गरेको भनि अनुदान लिन खोजेको पुष्टि भएमा वा अनुदान लिन खोजेमा,

(घ) झुट्टा वा गलत विवरण पेश गरी वा अन्य व्यक्ति, फर्म वा कम्पनीको नाममा किर्ते गरी वा अन्य कसैले किर्ते सहिछाप गरी अनुदान लिएमा,

(ङ) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वभाविक रुपमा बढाई बढी अनुदान लिएमा,

(च) अनुदान प्राप्त गर्न कृषक समूह सहकारी वा उपभोक्ता समिति आदिको बैठक तथा उपस्थित आदिको झुट्टा निर्णय तथा अरुको नामको सहिछाप तथा प्रमाणपत्र पेश गरेमा,

(छ) दफा ३ को उपदफा (१) बमोजिमको अवधिसम्म व्यवसायको निरन्तरता नदिएमा,

(ज) माथि उल्लेखित बमोजिमको कार्य भएको जानकारी प्राप्त गर्ने व्यक्तिले त्यस्तो कार्य भएको उजुरी सम्बन्धित शाखामा दिन सक्नेछ।

**१२. जरिवाना गर्न सक्ने :** (१) कसैले  दफा ११ को उपदफा (१) बमोजिम कार्य गरेमा देहाय बमोजिम जरिवाना हुनेछ:

(क) दफा ११ (१) को खण्ड (क) र (ख) बमोजिमको कार्य गरेमा गाउँपालिकाबाट अनुदान प्राप्त गरेको रकम असुल उपर गरी अनुदान रकमको पन्ध्र देखि पच्चिस प्रतिशत सम्मको जरिवाना गरिनेछ।

(ख) दफा ११ (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको कार्य गरेमा गाउँपालिकाबाट अनुदान प्राप्त गरेको रकम असुल उपर गरी अनुदान रकमको दश प्रतिशतसम्मको जरिवाना गरिनेछ।

(२) दफा ११ को उपदफा (१) बमोजिमको कार्य गर्ने वा त्यस्तो कार्य गर्न मद्दत पुर्याउने कुनै निकाय वा संस्था भए त्यस्तो निकाय वा संस्था प्रमुख, कार्यकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई कारबाही हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको व्यक्तिलाई जरिवाना गर्नु अघि आफुलाई लागेको आरोपको खण्डन गर्ने मनाशिव माफीको मौका दिन सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको व्यक्तिलाई जरिवाना भएको अवस्थामा त्यस्तो अनुदानग्राहीलाई ५ (पाँच) बर्षसम्म अनुदान उपलब्ध गराईने छैन।

## परिच्छेद-४

## विविध

**१३. अनुगमन गर्ने :** गाउँपालिकास्तरिय अनुगमन समितिबाट संचालित कामको अनुगमन गरिनेछ।

**१४. प्रचलित कानुन बमोजिम कारबाही गर्न बाधा नपर्ने :** यस कार्यविधिमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन।

**१५. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**१६. संशोधन :** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**शालिकराम बन्जारा**
**गाउँपालिका अध्यक्ष**

**मिति:** वि.सं. २०८० साल फाल्गुण महिना १० गते।